सुनापति गाउँपालिका,गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: ०६

आ.व:२०८२/०८३

मिति: २०८२ कार्तिक १३

समय: बिहान ८:०० बजे

स्थान: सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल कार्तिक १३ गते बिहिबारका दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा सुनापति गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम बहादुर थापा | सदस्य |
| ५. श्री कुल बहादुर थिङ | सदस्य |
| ६. श्री डन्डुप लामा | सदस्य |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य |
| ८. श्री रीता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सदस्य सचिव |

**अन्य उपस्थिति:**

१५ .श्री शुक्र तितुङ - कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को छैठौं कार्यपालिका बैठक 13 कार्तिक २०८२

नै.स. ११४६ कछलाथ्व ९ बिहिबार

| क्र.सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्लो यस भन्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना कार्यान्वयन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमबाट स्वीकृत योजनाहरु श्री अर्थ मन्त्रालयको पत्र संख्याः २०८२/०८३ (बजेट), च.नं. ११८, मितिः २०८२/०६/०७ र श्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सं. २०८२/०८३, चलानी नं. ११३, मितिः २०८२/०६/०८ को निर्णय कार्यान्वयन गर्ने गाराउने सम्बन्धमा विषयको पत्रानुसार आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन अन्तर्गत चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमबाट स्वीकृत नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका स्थानीय तहबाट सञ्चालन हुने रु. १० लाख भन्दा वढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने भन्ने व्यहोरा अनुसार यस सुनापति गाउँपालिकाको रु. १० लाख भन्दा, बढीको आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने र समान प्रकृतिको आयोजनाहरु समावेश गरी एकमुष्ठ रुपमा विधुतीय बोलपत्र आह्वान गरी कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ३ | विविध सम्बन्धी अन्य प्रस्तावहरुः विपद् सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिले मिति २०८२ कार्तिक १३ गते गरेको निर्णयहरु अनुमोदन गरी साउने केउरेनीका पहिरो पीडित नागरिकका लागि अस्थायी आवास निर्माणको लागि ६५ घरधुरीलाई लाभग्राहीको रुपमा सूचिकृत सूचि स्वीकृत गर्ने। |
| ४ | सुनापति नगर विकास सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति गाउँपालिकामा क्रमशः विस्तार हुँदै गरेको सहरीकरणलाई मध्यनजर गर्दै वडागत रुपमा तपसिलका वजार क्षेत्रमा शहरी क्षेत्र विकास तथा विस्तारको लागि आवश्यक पूर्वाधार विकास र विस्तार तथा व्यवस्थापन गरी सुनापति नगर विकासको योजना व्यवस्थापन तथा कार्यान्वयको लागि निर्णयको प्रतिलिपी, गाउँपालिकाको नक्सा र सिफारिस सहित सहरी विकास मन्त्रालयमा पेस गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. वडा नं. १ गुन्सीः गुन्सी भदौर वडा कार्यालय आसपास तथा गुन्सी पोखरी आसपासको वजार क्षेत्र।<br>२. वडा नं. २ दिमीपोखरीः वडा कार्यालय पानीट्याङ्की वजार क्षेत्र र गाल्पा वजार क्षेत्र। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को छैठौं कार्यपालिका बैठक

१३ कार्तिक २०८२

ने.स. ११४६ कछलाथ्व ९ बिहिबार

| | | |
|---|---|---|
| | | ३. वडा नं. हिलेदेवीः सादी डाँडा गाउँपालिका केन्द्र बजार क्षेत्र, लामागाउँ सुनापति डाँडा बजार क्षेत्र।<br>४. वडा नं. ४ बेथानः डहु डाँडा बजार क्षेत्र, बेथान चार दोबाटो बजार क्षेत्र र जोम्सा बजार क्षेत्र।<br>५. वडा नं. ५ खनियापनीः रुपाकोट बजार क्षेत्र र भिरकोट बजार क्षेत्र। |
| ५ | योजना माग सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा तपसिलको योजनाको लागि बजेट विनियोजन तथा योजना कार्यान्वयनको लागि श्री सडक बोर्ड नेपाल र श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्र पठाउने निर्णय गरियो।<br>तपसिलः<br>१. सुनापति लहरेमाने मयाइडाडा सेतो मच्छिन्द्रनाथ हुँदै भँगेरी डाँडा खाँडादेवी मन्दिरबाट जिल्ला सदरमुकाम मन्थली जोड्ने सडक स्तरोन्नति। |
| ६ | शिक्षक सहमति प्रदान तथा सरुवा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको वडा नं २ को श्री अग्लेश्वर मा.वि. दिमीपोखरीमा निम्न माध्यमिक तह नेपाली विषयको राहत कोटामा कार्यरत शिक्षक श्री कृष्णराज फुयाल र श्री काकलिङ मा.वि. दोरम्बा शैलुङ-२, रामेछापमा समान पद समान विषयमा कार्यरत शिक्षक श्री भगवती सुवेदी (पन्थ) ले पारस्परिक सरुवा हुन पाउँ भनि श्री अग्लेश्वर मा.वि. दिमीपोखरी को च.न. १९, मिति २०८२।०६।०५ को पत्र तथा सो विद्यालयको वि.व्य.स.को मिति २०८२।०६।०५ को निर्णय प्रतिलिपि र श्री काकलिङ मा.वि. दोरम्बा शैलुङ-२ रामेछापको च.न. १८, मिति २०८२।०६।२६ को पत्र तथा सो विद्यालयको वि.व्य.स. को मिति २०८२।०६।०७ को निर्णयं प्रतिलिपि सहित निवेदन पेस हुन आएकाले निज शिक्षक श्री कृष्णराज फुयाललाई श्री काकलिङ मा वि दोरम्वामा सरुवा हुनका लागि सहमति प्रदान गर्ने र उक्त स्थानमा श्री काकलिङ मा.वि. दोरम्वामा कार्यरत शिक्षक श्री भगवति सुवेदी (पन्थ) लाई दोरम्वा सैलुङ्ग गाउँपालिकाको निर्णय र सहमति बमोजिम सरुवा गर्ने निर्णय गरियो । |
| ७ | आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंल्याएका वेरुजु सम्परीक्षणको लागि यस सुनापति गाउँपालिकाको वेरुजु फछ्र्यौट समिति, लेखा समिति र विषयगत समिति तथा विषयगत शाखाहरुको आपसी छलफल तथा बैठक वसी असुल गर्ने गराउने, नियमित गर्ने गराउने र प्रमाण पेश गर्ने गराउने कार्य गरी फछ्र्यौट गर्ने। |

सुरेश कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को छैठौं कार्यपालिका बैठक

१३ कार्तिक २०८२
ने.स. ११४६ कछलाथ्व ९ विहिबार

| | | |
|---|---|---|
| ८ | निर्णय कार्यान्वयन सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को वजेट तथा कार्याक्रमबाट स्वीकृत चालु प्रकृतिका र पुँजीगत प्रकृतिका योजनाहरु साथै कार्यालयका नियमित कार्यसञ्चालनको लागि नेपाल सरकार मन्त्रिपरिषदबाट मिति: २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निमाण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतको लागि आयोजना प्राथमिकीकरण, पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने भनी भएको निर्णय अनुसार श्री अर्थ मन्त्रालयको पत्र संख्या: २०८२/०८३ (वजेट), च.नं. ११८, मिति: २०८२/०६/०७ र श्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सं. २०८२/०८३, चलानी नं. ११३, मिति: २०८२/०६/०८ को निर्णय कार्यान्वयन गर्ने गाराउने सम्वन्धमा विषयको पत्रानुसारको जानकारी तथा व्यहोरा कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ९ | सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा वडा नं. १ गुन्सी, वडा नं. २ दिमीपोखरी र वडा नं. ५ खनियापानी र भिरकोटमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि सिटिजन बैंक लिमिटेड, प्रहरी, गाउँपालिकाको कर्मचारी, सम्बन्धित वडा अध्यक्ष र वडा सचिवको रोहवरमा प्रत्येक त्रैमासिकमा वडामा पुगी वितरण गर्ने। वडाको सिफारिस आवश्यक पर्नेमा सिटिजन बैंक सादीडाँडामै उपस्थित भई भत्ता लिने र 'क' वर्गका अपाङ्गता भएका व्यक्ति र ९० वर्ष माथिका ज्येष्ठ नागरिक भत्ताको लागि नोमिनिज वा आधिकारिक व्यक्तिको हस्ताक्षरमा भत्ता प्रदान गर्ने प्रावधानको प्रयोग गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्ने। |
| १० | दरखास्त आह्वान र परीक्षा सञ्चालन सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति गाउँपालिकाको आधारभूत अस्पतालमा गाउँसभाबाट स्वीकृत दरबन्दी अनुसार फार्मेसी सञ्चालनको लागि फर्मेसी सहायकको पदपूर्तिको लागि दरखास्त आह्वान गर्ने।<br>असोज २६ गते स्थगित गरिएको जनस्वास्थ्य अधिकृत र नेत्र सहायकको परीक्षा मिति: २०८२ कार्तिक १९ गते र MIS Operator को परीक्षा कार्तिक २१ गते सञ्चालन गर्ने। |
| ११ | ठेक्का खोल्ने सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा संघीय सरकारवाट हस्तान्तरित समपुरक अनुदान तर्फको "पिप्ले खान्जा काठे पिपल खेपापाखा लोप्राङ सडक स्तरोन्नति रु ७१ लाख" को वोलपत्र आह्वान गरी कार्यान्वयन गर्ने। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १२ | सुनापति पर्यटकीय क्षेत्र निर्माणको अधुरो काम सम्बन्धमा। | सुनापति पर्यटकीय क्षेत्र निर्माणको ठेक्का नं. SUN/W/NCB/09/2077/078 अन्तर्गतको सुनापति डाँडा तथा लहरेमाने डाँडामा अझैपनि केहि परिमाणमा काम गर्न बाँकी रहेकाले तोकिएको म्याद भित्र उक्त योजनाको कार्य सम्पन्न गर्नको लागि सम्बन्धित ठेकेदार तथा निर्माण कम्पनीलाई निर्देशन दिने निर्णय गरियो। सो बापतको गाउँपालिक तर्फको लागत हिस्साको बाँकी रकम आगामी गाउँसभाको अधिवेशनबाट बजेट रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो। |
| १३ | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा। | तपसिलका कार्यविधिहरु स्वीकृत गरी राजपत्रमा प्रकाशित गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः -<br>१. साझेदारी कृषि, साना उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८२।<br>२. सुनापति गाउँपालिकाको गाईभैंसी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२।<br>३. सुनापति गाउँपालिकाको बँगुर पालन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२।<br>४. सुनापति गाउँपालिकाको रासायनिक मल ढुवानीमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२।<br>५. बाँझो जग्गामा खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२।<br>६. सुनापति गाउँपालिकाको एक घर एक बगैंचा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२। |
| १४ | विविध सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा २०८२ को दिपावलीको अवसरमा चियापान कार्यक्रम सञ्चालन कार्यक्रम २०८२ कार्तिक ५ गते भक्तपुरको सुर्यविनायक पार्टि प्यालेसमा सञ्चालन गरिएकोमा सो बापतको खर्चको भुक्तानी गर्ने। |

प्रमुख प्रशासकीय अधिकृत